# राष्ट्रिय बाल दिवस २०७४

## "बालमैत्री शासन : बालअधिकारको सम्मान"

काठमाडौं, नेपाल

प्रधानमन्त्री



### शुभकामना

बालदिवस, २०७४ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली बालबालिका, बालअधिकारसँग सम्बन्धित व्यक्ति, संघ संस्था लगायत दिदीबहिनी तथा दाजुभाइहरु सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

**"बालमैत्री शासनः बालअधिकारको सम्मान"** भन्ने नाराका साथ मनाउन लागिएको यो दिवस बालअधिकार तथा बालबालिकाहरु प्रतिको हाम्रो कर्तव्य र दायित्वलाई पुनः सम्झाउने लगायत सरकारी तथा गैरसरकारी क्षेत्रबाट बालबालिकाहरुको लागि आजसम्म गरेको प्रयास तथा लगानीको समीक्षा गर्ने अवसर पनि हो ।

नेपालको सन्दर्भमा बालअधिकारको विषयले प्राथमिकता पाएको र विगतको तुलनामा नीतिगत, कानुनी तथा संस्थागत आधारहरु थप सुदृढ भएको कुरामा दुईमत छैन । नीतिगत पक्षबाट बालअधिकारको सवालमा नेपाल अन्तर्राष्ट्रिय स्तरमा सुदृढ रुपमा उपस्थित भएको कुरा म यहाँ राख्न चाहन्छु । हाम्रो संविधान यसको ज्वलन्त उदाहरण हो र बालअधिकारको दृष्टिकोणबाट यो संविधान कोशेढुंगाको रुपमा रहेको छ भन्दा अत्युक्ति नहोला ।

आगामी दिनहरुमा हाम्रो प्रयास संविधानले प्रत्याभूत गरेका हकहरुलाई व्यवहारमा उतार्ने आधार र अवसर निर्माण गर्नेतर्फ केन्द्रित हुनुपर्छ । यसैको थालनीको रुपमा बालबालिकासम्बन्धी ऐन, २०४८ लाई प्रतिस्थापन गरी नयाँ ऐन निर्माण गर्ने प्रयास गरिएको छ । यो ऐनले बालअधिकारको कानुनी दायरालाई थप विस्तृत गर्ने अपेक्षा छ । हालै स्थानीय तहमा जन-प्रतिनिधिहरुको उपस्थितिले स्थानीय स्तरमा सञ्चालन गर्ने विविध आर्थिक, योजनागत र व्यवहारिक विषयमा बालअधिकारको मुद्दाले थप महत्व प्रतिविम्वित हुने अवसर पाउनेछ भन्ने आशा राखेको छु ।

अन्त्यमा, आजको दिनले बालअधिकारको संरक्षण, सम्वर्द्धन र कार्यान्वयनमा हामी सबैलाई एकजुट भएर लाग्न थप अभिप्रेरित गरोस् भन्ने शुभेक्षा राख्दछु ।

धन्यवाद ।

जय नेपाल ।

भदौ, २०७४

शेरबहादुर देउवा

---

माननीय आशा कोइराला
मन्त्री
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
पत्र संख्या :
चलानी नं. :

नेपाल सरकार

फोन नं.: ४२००२८०
फ्याक्स: ४२००११६
वेभसाइट: www.mowcsw.gov.np
इमेल: mail@mowcsw.gov.np

निजी सचिवालय
सिंहदरवार, काठमाण्डौ



### शुभकामना

**बालमैत्री शासन : बाल अधिकारको सम्मान** भन्ने नाराका साथ मनाइन लागिएको राष्ट्रिय बाल दिवस, २०७४ को सुखद अवसरमा सम्पूर्ण बालबालिका, बाल अधिकारकर्मी तथा बाल अधिकारसंग सरोकार राख्ने सवैलाई हार्दिक वधाई तथा शुभकामना व्याक्त गर्दछु ।

यस अवसरमा हामीले बाल अधिकारका बिषयमा हालसम्म भएका कार्यहरुको वस्तुगत मूल्यांकन गरी आगामी दिनमा चालिनु पर्ने कदमहरुलाई सहि ढङ्गले पहिचान गर्ने र बालबालिकाहरुप्रतिको दायित्व पूरा गर्ने प्रण गर्न म सवैमा हार्दिक अपिल गर्दछु ।

पछिल्लो समयमा नेपालले बालअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनमा महत्वपूर्ण प्रगतिहरु हासिल गरेको छ भने बालबालिकालाई व्यवहारमा कार्यान्वयन गर्न प्रयासहरु जारी राखेको छ । नेपालको संविधानले बालअधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरी यसको दायरालाई विस्तृत गरेको सन्दर्भमा संविधानको मर्म र भावना अनुरुप विद्यमान ऐन, कानूनहरुमा समसामययिक परिमार्जन गर्ने प्रक्रिया अगाडि बढाइसकेको छ । साथै बालअधिकारका बिषयहरुलाई स्थानिय तहमा नै संस्थागत गर्न स्रोतसाधनहरु निक्षेपण गर्ने कार्यको थालनी समेत भइसकेको छ ।

मुलुक संघीय संरचनामा प्रस्थान गरिसकेको सन्दर्भमा राज्यका हरेक तहबाट समाजका आर्थिक सामाजिक राजनैतिक विकासात्मक सवालहरुमा बालमैत्री दृष्टिकोणबाट सोच्ने, हेर्ने, बुझ्ने, विश्लेषण गर्ने र व्यवहार गर्ने वातावरण श्रृजना गर्न जरुरी छ । यी विषय स्थानिय सरकारको उच्च प्राथमिकताको विषय बन्नुपर्ने कुरामा दुईमत हुन सक्दैन ।

अन्तमा आजको दिनले हामी सबैलाई वाल अधिकारप्रति सचेत, सजक र सम्वेदनशील भई उनीहरुको उत्थान र विकासमा लाग्ने प्रेरणा प्राप्त होस्, आजकै दिनबाट बाल अधिकारका सवालमा सामाजिक जागरणलाई प्रत्येक बालबालिका हँसिलो मुहारका साथ आफ्नो जीवनको आधार तय गर्ने मार्गमा अगाडि वढ्न सकुन भन्ने अपेक्षाका साथ हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु ।

मा. आशा कोइराला
मन्त्री
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

---

माननीय मोहम्मद जाकिर हुसैन
राज्यमन्त्री
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
पत्र संख्या :
चलानी नं. : १२

नेपाल सरकार

फोन नं.: ४२००६००
फ्याक्स: ४२००११६
वेभसाइट: www.mowcsw.gov.np
इमेल: mail@mowcsw.gov.np

निजी सचिवालय
सिंहदरवार, काठमाण्डौ



### शुभकामना

**"बालमैत्री शासन : बालअधिकारको सम्मान"** भन्ने मूल नारा सहित देशैभरी मनाउन गइरहेको राष्ट्रिय बाल दिवस २०७४ को पावन अवसरमा सम्पूर्ण बालबालिकाहरुको सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । बालबालिकाहरुको हकहित, संरक्षण र बालअधिकारको सम्वर्द्धनमा सरकार प्रतिबद्ध छ । नेपालको संघीय शासन व्यवस्थामा संविधानतः बालबालिका सम्बन्धी कार्यहरु स्थानीय तह, प्रदेश र संघ सबैको आ-आफ्नो अधिकार तथा दायित्व रहेको छ । सबै तह र निकायहरुले आ-आफ्ना दायित्वहरु कार्यान्वयन गर्नु आवश्यक छ ।

तीनै तहका सरकार र सो अन्तर्गतका सबै निकाय, संघ-संस्थाहरु बीचको प्रभावकारी समन्वय, सहयोग, सहकार्य र सहजीकरणबाट नै बालअधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न सकिन्छ । बालबालिकाका विषयहरु सम्बन्धित विषयगत निकायहरुबाट तत्काल सम्बोधन गर्ने कार्यलाई सबैले प्राथमिकतामा राख्नु जरुरी छ । समाजमा विद्यमान बालश्रम, बाल विवाह, बाल हिंसा, बाल उपेक्षा जस्ता जल्दाबल्दा समस्याहरुबाट बालबालिकालाई मुक्त गरी बालअधिकार संरक्षण र सम्वर्द्धनमा सबै निकाय एवम् नागरिक समाजलाई सक्रिय हुन हार्दिक अनुरोध गर्दछु ।

मोहम्मद जाकिर हुसैन
राज्यमन्त्री

---

नेपाल सरकार

**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ००९७७-१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:



### शुभकामना

**बालमैत्री शासनः बालअधिकारको सम्मान** भन्ने मूल नाराका साथ मनाउन लागिएको राष्ट्रिय बाल दिवस, २०७४ को उपलक्ष्यमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । यो दिनले बालमैत्री शासन पद्धतिको विकास गर्दै हरेक क्षेत्रमा बालबालिकाको विशिष्ट आवश्यकता र संवेदनशिलता अभिवृद्धि गर्न सबैलाई झक्झकाउने छ भन्ने विश्वास समेत प्रकट गर्दछु ।

नेपाल सरकार बालबालिकाको अधिकार सुनिश्चित गर्ने प्रयासमा प्रतिवद्ध रहेको विदितै छ । यस सन्दर्भमा नीति, योजना, ऐन, कानुन, कार्ययोजना तथा कार्यक्रमहरु मात्रै नभई संस्थागत संरचनाहरुको निर्माण तथा सुधारका कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । फलस्वरुप बालबालिकाको बचावट, संरक्षण, विकास र सहभागिताका समष्टिगत सूचकहरु सुधारोन्मुख रहेको पाइएको छ । यद्यपि कतिपय सीमितता र देशको संक्रमणकालिन परिस्थिति समेतका कारण बालबालिकाको क्षेत्रमा सुधार गर्न बाँकी कुराहरु पनि धेरै छन् ।

समुदायदेखि राजनैतिक तहसम्म बालबालिकाको विषयमा सचेतना बढाउनु, नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, संरचनाहरुको सुदृढीकरण एवम् योजना तर्जुमादेखि श्रोत विनियोजनसम्म बालसंवेदनशीलतालाई अझ बढावा दिंदै बालबालिकालाई छिटोछरितो ढंगले सेवा प्रवाह गर्नु आजको आवश्यकता हो । यसका लागि यस वर्षको नारामा भनिए झैँ सबै तहका शासन पद्धति बालमैत्री हुन आवश्यक छ । त्यसै गरी समाजमा व्याप्त रहेका बालहित विपरितको कतिपय अभ्यासहरुको अन्त्य मात्रै होइन हाम्रा सोचहरुमा पनि परिवर्तन ल्याउन आवश्यक छ ।

अन्तमा, यस राष्ट्रिय बालदिवसको अवसरमा घर, परिवार, विद्यालय, संघसंस्थादेखि राज्य संचालनका सबै तहमा बालबालिका प्रतिको संवेदनशिलता बढाउन सकौं, बालबालिकाका रचनात्मक विचार एवम् भावनाको कदर गर्दै एक सक्षम नागरिकका रुपमा हुर्काउन सकौं भन्ने कामनासहित बालअधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि सबैको सक्रिय सहभागिताको लागि अनुरोध गर्दछु ।

प्रेम कुमार राई
सचिव

---

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

**केन्द्रीय बाल कल्याण समिति**
**Central Child Welfare Board**
हरिहरभवन, पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :
मिति..........................



### शुभकामना

राष्ट्रिय बाल दिवस २०७४ को अवसरमा सम्पूर्ण बालबालिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । भदौ २९ गते संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धिलाई नेपालले अनुमोदन गरेको दिनसमेत भएकाले कुनै पनि बालबालिका बालअधिकारबाट बन्चित नहुन् भन्नका निमित्त यस दिनले सबै बयस्कहरुलाई दायित्व बोध गर्न स्मरण गराउने छ भन्ने विश्वास पनि गर्दछु ।

नेपाल सरकारको प्रतिबद्धतानुरुप विगतका दशकहरु देखि बालबालिका लक्षित कानून, नीति र योजनाको कार्यान्वयनमा गरिएको प्रयासबाट बालबालिकासम्बन्धी शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा क्रमशः सुधार हुँदै आएको विदितै छ । तथापी अझै पनि थुप्रै बालबालिका जोखिमपूर्ण अवस्थामा रहेका छन्, शोषण, हिंसाबाट पीडित भईरहेका छन् । देशको दीर्घकालीन सर्वाङ्गीण विकास गर्न बालबालिकाका लागि लगानीमा बृद्धि गर्न नितान्त जरुरी छ । यस वर्षको बालदिवसको मूल नारा "बालमैत्री शासनः बालअधिकारको सम्मान" को कार्यान्वयनार्थ बालबालिकासंग सम्बन्धित विषयमा स्थानीय तहलगायत सबै सरोकारवालाहरु अझ बढी उत्तरदायी हुन सकौं भन्ने कामना समेत गर्दछु ।

बविना श्रेष्ठ
अध्यक्ष

---

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

**केन्द्रीय बाल कल्याण समिति**
**Central Child Welfare Board**
हरिहरभवन, पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :
मिति..........................



### शुभकामना

**राष्ट्रिय बाल दिवस-२०७४** को उपलक्ष्यमा सम्पूर्ण बालबालिकाले आफ्ना अधिकारको पूर्ण उपभोगका साथ एक सक्षम नागरिक बन्न सक्ने अवसर पाउन् भन्ने कामना गर्दछु ।

संवैधानिक सम्बोधनले मात्रै बालबालिकाको जीवनमा परिवर्तन आउँदैन, यसले त हामीलाई बाटो निर्दिष्टमात्र गरेको छ । बालबालिकाका मौलिक हक व्यवहारतः कार्यान्वयन नभएमा आधारभूत अधिकारबाट बन्चित हुन पुगेका हरेक बालबालिकाका टीठलाग्दा आँखाहरुले टाढैबाट निरन्तर हामी सबैलाई घोची रहनेछन् । अतः बालबालिकाको निम्ति प्रत्यक्ष पुग्ने सेवा, सुविधा, अवसरको विकास गर्ने अभिभारा हामी सबैमा आएको छ । हरेक तहको शासन पद्धति बालमैत्री हुन आवश्यक छ, लगानी बढाउन जरुरी छ, समस्या सम्बोधन छिटोछरितो र सहजरुपमा हुनुपर्दछ । त्यसैले हरेक तहमा कार्यान्वयनका लागि जोड दिन यस वर्षको मूलनारा **"बालमैत्री शासनः बालअधिकारको सम्मान"** राखिएको हो ।

घर परिवार देखि नीति निर्माता, राज्य संचालनकर्ता, राजनैतिक क्षेत्र, सरकारी गैरसरकारी निकाय, नीजी क्षेत्र र समाजका हरेक पक्ष बालबालिका प्रति अझ बढी संवेदनशील र जिम्मेवार बन्न जरुरी छ, आफ्ना दायीत्व निर्वाहमा थप ध्यान दिन आवश्यक छ । यही भावनानुरुप **बालबालिकाका लागि बालबालिकाका साथमा** राष्ट्रिय बाल दिवस मनाऔं । आगामी वर्षभरीका लागि **बालसंवेदनशील क्रियाशिलताको उर्जा जुटाऔं** ।

तारक धिताल
कार्यकारी निर्देशक